# मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि- २०८०

के.आई.सिंह गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

वायल, डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल

# मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि- २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/०६/०५

**प्रस्तावना:**

के.आई.सिंह गाउँपालिकालाई सभ्य, शान्त, अनुशासित तथा सकारात्मक बाटोमा अग्रसर गराउन,आर्थिक हित,सामाजिक सु-सम्बन्ध कायम राख्नको लागि मदिराको उत्पादन,बिक्री वितरण, निकासी-पैठारी समेतमा नियन्त्रण तथा व्यवस्थापन गर्न वाच्छनीय भएकोले, के.आई.सिंह गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ञ) (१४) बमोजिमको अधिनमा रहि यस के.आई.सिंह गाउँपालिकाले मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि-२०८० बनाई लागु गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि,२०८०" रहेको छ।

(२) यो कार्यविधि के.आई.सिहं गाँउपालिकाको सिमाना भरी लागु हुनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छयाङ, ह्विस्की, रम, जीन, ब्राण्डी, भोड्का, वियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, माड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ।

(ग) "अनुमतिपत्र" भन्नाले प्रचलित कानून बमोजिम मदिरा उत्पादन,बिक्रि वितरण,निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका दफामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "सेवनकर्ता" भन्नाले मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

(च) "गाउँपालिका" भन्नाले के.आई.सिंह गाउँपालिकालाई सम्झनु पर्छ।

के.आई.सिंह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बयल, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

(छ) "सार्वजनिक स्थान" भन्नाले धारा,चौतारा, कुवा, पोखरी, शैक्षिक संस्था, कलकारखाना, सवारी साधन, सभा सम्मेलन, मठ मन्दिर, रंगशाला, सरकारी तथा गैर सरकारी कार्यालयहरु, शवदाह स्थल सम्झनु पर्छ ।

३. **मदिराको उत्पादनमा नियन्त्रण**: कुनै व्यक्तिले अनुमतीपत्र बेगर र अनुमति पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक गाउँपालिका भित्र मदिराको उत्पादन गर्न पाउने छैन । बिक्रि वितरण गर्न वा मदिरा खुवाउने बार र रेष्टुरेण्ट वा पसल स्थापना गर्न पाउने छैन ।

४. **मदिराको बिक्री वितरणमा नियन्त्रण :** (१) कुनै व्यक्तिले अनुमतीपत्र बेगर र अनुमति पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक गाउँपालिका भित्र मदिरा बिक्रि वितरण गर्न वा मदिरा खुवाउने बार र रेष्टुरेण्ट वा पसल स्थापना गर्न पाउने छैन ।

(२) प्रचलित कानून बमोजिम अनुमतिपत्र लिएको भएतापनि सर्वसाधारण जनताको सदाचार,स्वास्थ्य सुविधा, आर्थिक हित तथा अपराधिक घटनाहरुलाई नियन्त्रण गर्न गाउँपालिकाले मदिरा प्रयोगलाई व्यवस्थित र प्रभावकारी बनाउन पालिका भित्रको केहि स्थानहरुमा मदिरा निषेध गर्न सक्नेछ ।

५. **मदिरा उत्पादन तथा बिक्रि वितरणमा बन्देज**: (१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखि मदिराको उत्पादन तथा बिक्रि वितरण गर्न पाइनेछैन ।

(२) गाउँपालिका भित्र मदिरा बिक्रि वितरण गर्दा पालिकाले निषेध गरेको स्थानमा बिक्रि वितरण गर्न पाइनेछैन ।

(३) कसैले पनि पच्चिस वर्षको उमेर पुरा नगरेको व्यक्तिलाई मदिरा बिक्रि वितरण, ओसारपसार गर्न/ गराउन पाइनेछैन ।

(४) यस गाउँपालिकाको ७ वटै वडाको भौगोलिक क्षेत्र भित्र रहेका सार्वजनिक कार्यालयको चारैतर्फ २०० मिटर दुरीभित्रको क्षेत्रमा मदिरा उत्पादन,संकलन,भण्डारण तथा बिक्रि वितरण गर्न पाइनेछैन ।

६. **मदिराको निकासी पैठारीमा नियन्त्रण**: कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकाले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक पालिका भित्र मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

७. **शर्तहरु पालना गर्नुपर्ने**: (१) गाउँपालिका भित्र अनुमतिपत्र लिई मदिराको बिक्रि वितरण गरिरहेका व्यक्तिहरुले देहायका शर्तहरु पालना गर्नुपर्नेछ ।

(क) अनुमतिपत्र प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्र नविकरण गराईसकेको हुनुपर्नेछ ।

(ख) अनुमतिपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

(ग) डिपार्टमेन्टल स्टोरले मदिराजन्य पदार्थ बिक्रि गर्ने प्रयोजनको लागि अलगै बिक्रि कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(घ) प्रत्येक बोतलमा बिर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क स्टिकर/ टिकट टाँसी निकाशा गर्नुपर्नेछ ।

(ङ) गाउँपालिकाले मदिरा उपभोग गर्न निषेध गरेको स्थान बाहेकका स्थानमा साझ ५ बजे देखि राती ८ बजे सम्म मदिरा बिक्रि वितरण तथा सेवन गराउनु पर्नेछ ।

(च) मदिरा खरिद कर्ताहरुको अनिवार्य रुपमा तीन पुस्ते व्यक्तिगत विवरण भरी पसलमा रेकर्ड राख्नु पर्नेछ । (व्यक्तिगत विवरणको ढाँचा अनुसूचि २ मा उल्लेख छ ।)

(छ) मदिरा खरिद बिक्रि गर्नेले मदिरा खरिद बिक्रि गरेको विजक राख्नु पर्नेछ ।

(ज) अनुमतिपत्रवालाले प्रत्येक बोतलमा अन्तःशुल्क स्टिकर/टिकट टासेको मदिरा मात्र बिक्रि गर्नुपर्नेछ ।

(झ) अन्तःशुल्क ऐन,२०५८ तथा यस गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८० मा उल्लेखित प्रावधानहरुको पालना गर्नुपर्नेछ ।

(ञ) कुनैपनि प्रकारको मदिराजन्य पदार्थको प्रचार सामग्री राख्न पाइनेछैन ।

(ट) मदिरा पसलबाट उत्पादित सिसाजन्य तथा अन्य फोहोरहरुको उचित व्यवस्थापन स्वयं मदिरा व्यवसायीले गर्नुपर्नेछ ।

(२) मदिरा उपभोक्ताहरुले देहायका शर्तहरु पालना गर्नुपर्नेछः

(क) मदिरा उपभोग गर्ने व्यक्ति २० वर्ष पुरा गरेको हुनुपर्नेछ ।

(ख) साझ ५ बजे देखि साझ ९ बजे सम्म पालिकाले तोकेको स्थान र परिमाणमा मात्र मदिरा उपभोग गर्नुपर्नेछ ।

(ग) मदिरा उपभोग गरी सार्वजनिक स्थानमा होहल्ला तथा शान्ति सुरक्षामा बाधा अवरोध गर्न र अमर्यादित तरिकाले घुमफिर गर्न पाईनेछैन ।

(घ) मदिरा सेवन गरी परिवारका सदस्यहरु तथा अन्य व्यक्तिलाई दुख दिने, अर्काको भावनामा चोट पुर्याउने काम गर्नुहुदैन ।

(ङ) मदिरा उपभोगकर्ताले आफुले उपभोग गरेको सिसाको बोतलहरु जथाभावी फ्याक्न पाइनेछैन ।

के.आई.सिंह गाउँ कार्यपालिकाको कार्यालय बायल, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

**८. अनुमतीपत्रको प्राप्ती,अवधि र नविकरण**: अनुमतिपत्र प्राप्ती,अवधी र नविकरण सम्बन्धी व्यवस्था प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ । अनुमतिपत्रको प्राप्ती र नविकरण गर्दा गाउँपालिकाको सिफारिस अनिवार्य रुपमा लिनुपर्नेछ ।

**९. अनुमतिपत्र रद्द गर्न सिफारिस गर्न सक्ने**: प्रचलित कानूनमा तोकिएको अधिकारी वा निकाय समक्ष प्रचिलत कानून बमोजिम दिईएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सिफारिस गरी गाउँपालिकाले मदिरा बिक्रि वितरण गर्न बन्देज लगाउन सक्नेछ ।

(क) अनुमतिपत्र नविकरण नगरी व्यवसाय गरेमा,

(ख) अनुमतिपत्रमा तोकिएको शर्त उल्लंघन गरेमा,

(ग) दफा ५ र ७ विपरित काम गरेमा ।

**१०. लागु नहुने अवस्था**: यस ऐनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनी कुल धर्म परम्परा अनुसार निजी उपयोगको निमित्त देहायको परिमाणमा रक्सी वा जाँड बनाउन दफा ३ बमोजिम अनुमतिपत्र लिनुपर्ने छैन ।

(क) कुनै व्यक्तिले निजि उपयोगका लागि एकपटकमा पाँच लिटरसम्म रक्सी र जाँड बर्षको ३ पटक भन्दा बढी बनाउन पाईने छैन ।

(ख) यसरी विशेष प्रयोजनको लागि रक्सी र जाँड बनाउने व्यक्तिले पालिकाको वडा कार्यालयबाट अनुमती लिनुपर्नेछ ।

(ग) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि घरमा निजी प्रयोजनको लागि बनाईएको जाँड रक्सी कसैले पनि निकासी वा पैठारी गरी बिक्री वितरण गर्न पाईनेछैन ।

**११.गाउँपालिकालाई तिर्नुपर्ने रकम सरकारी बाँकि सरह असुल गर्ने**: (१)यो कार्यविधि बमोजिम कुनै व्यक्तिले गाउँपालिकालाई बुझाउनु पर्ने रकम नबुझाई बाँकि राखेमा त्यस्तो रकम निजबाट प्रमुख प्रशासकीय अधिकृतले सरकारी बाँकि सरह असुल उपर गर्नेछ ।

**१२.खानतलासी, कब्जा र प्रकाउ गर्न सक्ने**: (१)गाउँपालिकाको कुनै पनि स्थानमा यस ऐन बमोजिम सजाय हुने कसुर भएकोछ भन्ने मनासीब माफिको कारण भएमा गाउँपालिकाबाट खटि जाने अधिकृतले त्यस्तो स्थानको खान तलासी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्दा गाउँपालिकाबाट खटि जाने अधिकृतले खानतलासी गर्नुपर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थान प्रवेश गर्नु भन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नुपर्नेछ ।

(३)उपदफा (२) बमोजिम खानतलासी गर्दा यस कार्यविधि बमोजिम सजाय हुने कसूर भएको विश्वसनीय कारण देखाएमा त्यस्तो कसुरसँग सम्बन्धित वस्तु तथा सामानहरु कब्जामा लिन सकिनेछ ।

(४) कुनै ब्यक्तिले यस कार्यविधि बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको पाइएमा र निजलाई प्रकाउ नगरेमा निज भागी उम्की जाने सम्भावना छ भन्ने लागेमा गाउँपालिकाबाट खटि जाने अधिकृतले निजलाई पक्राउ गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम खानतलासी, कब्जा वा पक्राउ गर्दा गाउँपालिकाबाट खटी जाने अधिकृतलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ ।

(६) गाउँपालिकाबाट खटी जाने अधिकृतबाट खानतलासी,कब्जा वा पक्राउ गर्दा स्थानीय प्रतिनिधिहरुको रोहबरमा गर्नुपर्नेछ ।

**१३.पक्राउ र कब्जाको प्रतिवेदन दिनुपर्ने**: कसैलाई पक्राउ गरेको वा कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेको अवस्थामा गाउँपालिकाबाट खटिएको अधिकृतले सो कुराको प्रतिवेदन चौविस घण्टा भित्र आफूभन्दा एक तह माथीको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

**१४.समिति गठन :** (१) मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि यस गाउँपालिकामा निम्न बमोजिमको एउटा गाउँपालिका स्तरिय समिति गठन गरिने छ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - संयोजक |
| गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| सबै वडाका वडाअध्यक्षहरु | - सदस्य |
| स्वास्थ्य शाखा संयोजक | - सदस्य |
| प्रहरी इन्चार्ज | - सदस्य |
| उद्योग बाणिज्य संघ (शाखा) प्रतिनिधि | - सदस्य |
| गाउँकार्यपालिकाका महिला र दलित/अल्पसंख्यक गरि दुई जना सदस्यहरु | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |

४(क) वडासमिति गठन : (१) मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि प्रत्येक वडामा निम्न बमोजिमको एउटा वडामा समिति गठन गरिने छ ।

| | |
|---|---|
| वडा अध्यक्ष वडा वडा अध्यक्षले तोकेको व्यक्ति | - संयोजक |
| प्रहरी कार्यालयको प्रतिनिधि | - सदस्य |
| स्वास्थ्य कार्यालयको प्रतिनिधि | - सदस्य |
| वडा स्तरको महिला समुहको प्रतिनिधि | - सदस्य |
| वडा स्तरको बाल समुहको प्रतिनिधि | - सदस्य |
| व्यापार तथा व्यवसायी संघको प्रतिनिधि | - सदस्य |
| वडा सचिव | - सदस्य |

**१५.गाउँपालिका स्तरिय समिति र वडा समितिको काम, कर्तव्य र अधिकार :** (१) वडा समितिले आफ्नो वडा भित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजनिक स्थलहरुमा मदिराको अवस्था के कस्तो छ सोको बारेमा जाँचबुझ गर्न महिनाको एक दिन अनिवार्य रुपमा अनुगमन गर्नु पर्नेछ।

(२) अनुगमन समितिले अनुगमन गरि सकेपछिको प्रतिवेदन तयार गरि अनिवार्य रुपमा गाउँपालिका स्तरिय समितिमा प्रतिवेदन पेश गर्नुपर्ने छ र उक्त समितिले सो प्रतिवेदन गाउँकार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ।

(३) अनुगमन समितिले आफ्नो वडाको क्षेत्र भित्र मदिरा विक्रिवितरण बारे अनुगमन गर्दा यस कार्यविधिको दफा-३ मा उल्लेख गरिएका शर्तका कुरा के कति पालना गरिएका छन् सो कुरा प्रतिवेदनमा अनिवार्य खुलाउनु पर्नेछ।

(४) दफा-४ बमोजिमको समितिले दफा ७ (१), (२), (३) र (४) बमोजिमको कसुर गर्ने उपर न्यायिक समितिमा मुद्दा दायर गर्न सिफारिस गर्न सक्नेछ।

(५) गाउँपालिका स्तरिय समितिले कुनै व्यक्ति वा व्यवसायिले मदिरा सञ्चित राखेको वा ओसारपसार गर्दा भेटिएको वा सूचना प्राप्त भएमा उक्त मदिरालाई नियन्त्रणमा लिई मुचुल्का उठाई नष्ट गर्नेछ।

**१६. सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने :** (१) प्रत्येक ६ महिनामा मदिराको प्रभाव, कानूनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका बारेमा वडा स्तरमा एउटा सचेतनामुलक कार्यक्रम गर्नुपर्ने छ।

(२) वडा स्तरमा गरिएको सो सचेतनामुलक कार्यक्रमको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य पेश गर्नुपर्ने छ।

**१७.कसुर गरेको ठहर्ने :** (१) मदिरा उत्पादन गर्ने सरसामान जुटाई घरेलु रुपमा मदिरा उत्पादन गर्ने कार्यलाई उत्पादन कसुर गरेको ठहर्नेछ।

(२) इजाजत पत्र नलिई व्यवसायिक लाभ प्राप्त गर्ने उद्देश्यले मदिरा खरिद विक्रि गर्ने कार्य मदिरा खरिद विक्रि कसुर ठहर्नेछ।

(३) यस गाउँपालिका बाहिरबाट खरिद विक्रि गर्ने अभिप्रायले अवैध मदिराजन्य वस्तु ल्याउने कार्य ओसार पसार कसुर ठहर्नेछ।

(४) मदिरा सेवन गर्ने कार्यलाई सेवन कसुर मानिनेछ।

**१८. सजाय गर्न सकिने :** (१) कानून विपरित मदिरा उत्पादन, विक्रि वितरण, ओसारपसार तथा सेवन गर्नेलाई कानून बमोजिम सजाय गर्न सकिने छ।

(२) दफा १७ (१) विपरितको कसुर गर्ने व्यक्तिलाई पहिलो पटक रु. ५,०००।- (पाँच हजार रुपैयाँ मात्र) जरिवाना गरिने छ। सोही व्यक्तिले पटक पटक सोही कसूर गरेमा प्रत्येक पटक रु. १,०००।- (एक हजार रुपैयाँ मात्र) का दरले थप हुँदै जानेछ।

के.आई.सिंह गाउँ कार्यपालिकाको कार्यालय, बायल, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

(३) दफा १७ (२) विपरित कसुर गर्ने व्यक्ति वा व्यवसायिलाई पहिलो पटक रु. १०,०००।- (दश हजार रुपैयाँ मात्र) जरिवाना गरिने छ । सोही व्यक्ति वा व्यवसायिले पटक पटक सोही कसुर गरेमा प्रत्येक पटक रु. १०००।-( एक हजार रुपैयाँ मात्र) का दरले बढ्दै जानेछ ।

(४) दफा १७ (३) बमोजिमको कसुर गर्ने व्यक्ति वा व्यवसायिलाई पहिलो पटक रु. ५,०००।- (पाँच हजार रुपैयाँ मात्र) जरिवाना गरिनेछ । सोही व्यक्तिले पटक पटक सोही कसुर गरेमा रु. १,०००।-( एक हजार रुपैयाँ मात्र) का दरले बढ्दै जानेछ ।

(५) दफा १७ (४) बमोजिमको कसुर गरि होहल्ला गर्ने, सार्वजनिक स्थलमा शान्ति भंग गर्ने, गाली बेइज्जती वा झैझगडा गर्ने व्यक्तिलाई पहिलो पटकका लागि रु. ५,०००।-( पाँच हजार पाँच सय रुपैयाँ मात्र) जरिवान गरिनेछ । सोही व्यक्तिले पटक पटक सोही कसुर गरेमा रु. १,०००।-(एक हजार रुपैयाँ मात्र) का दरले बढ्दै जानेछ ।

**१९.**मदिरा तथा अन्य सामानको जफत र बिक्रिः (१) कुनै व्यक्तिले यस कार्यविधि र प्रचलित कानून विपरित मदिराको उत्पादन, बिक्रि, वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा गाउँपालिकाले जफत गर्न सक्नेछ ।

(२) दफा १ बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा तोकिए बमोजिम प्रमुख प्रशासकीय अधिकृतले लिलाम बिक्रि गर्नुपर्नेछ ।

(३) यस कार्यविधि र प्रचलित कानून विपरित मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरु गाउँपालिकाले जफत गरी तोकिए बमोजिम लिलाम बिक्रि गर्नेछ । तर सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुनेछैन ।

**२०. मदिरा कोषको स्थापना :** दफा ८ मा उल्लेख भए अनुसार तोकिएको जरिवाना वापतको रकम जम्मा गर्नको लागि गाउँपालिका कार्यालयले एक छुट्टै खाता खोलेर राख्नु पर्नेछ । माथि उल्लेखित व्यक्ति वा व्यवसायिलाई कारबाही गरि सोबाट प्राप्त रकमको २० प्रतिशत रकम सुरक्षा व्यवस्थापन, १० प्रतिशत सुराकीलाई, ४० प्रतिशत शिक्षा, स्वास्थ्य र बाँकी रकम गाउँपालिकाको संचित कोषमा जम्मा गरि सम्बन्धित वडाको विकास निर्माणमा खर्च गरिनेछ ।

**२१. मुद्दा दिन सक्ने :** यस कार्यविधि अन्तर्गत कसुर उल्लंघन गरेमा कुनै पनि व्यक्तिले यस गाउँपालिकाको न्यायिक समितिमा मुद्दा दायर गर्न सक्नेछ ।

**२२. पुनरावेदन सम्बन्धि व्यवस्था :** यस गाउँपालिकाको न्यायिक समितिले गरेको फैसला उपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**२३. पुरस्कार :** यस कार्यविधि विपरित कार्य गरेको कुरा प्रमाण सहित कसैले सुराकी दिएमा सो व्यक्तिको नाम गोप्य राखी निजलाई दफा १७ (१) बमोजिम सुराकि दिएमा रु. १०००।- दफा १७ (२) बमोजिमको

सुराकी दिनेलाई रु. १५००।- दफा १७ (३) र १७ (४) बमोजिमको सुराकी दिनेलाई रु. ५००।- र प्रहरीतर्फ प्रत्येक जरिवानाको २० प्रतिशत रकम पुरस्कार दिइने छ । साथै सुराकी नभई प्रहरीले सोझै कारबाही गरेमा प्रत्येक जरिवानाको २५ प्रतिशत पुरस्कार वापत दिइनेछ ।

२४. **सहयोग गर्नुपर्ने :** यस कार्यविधि वा प्रचलित कानूनको कार्यान्वयनको लागि गाउँपालिकाले मागेको सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासन तथा सरोकारवाला र अन्य निकायहरुको कर्तव्य हुनेछ ।

२५. **बदर :** यस कार्यविधिमा उल्लेखित दफा तथा उपदफाहरु मुल कानूनसँग बाझिएमा बाझिएको हदसम्म बदर भागि हुनेछन् ।

२६. **संशोधन :** माथि उल्लेखित दफा तथा उपदफाहरु आवश्यकता अनुसार संशोधन, परिमार्जन वा परिवर्तन गर्न सकिनेछ र उक्त अधिकार यस के.आई.सिंह गाउँपालिकाको गाउँकार्यपालिकालाई हुनेछ ।

**ईति सम्वत् २०८० साल असोज महिना ०५ गते रोज ६ शुभम् ।**

अनुसूची - १

के.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वायल, डोटी,
सुदूरपश्चिम प्रदेश, नेपाल

## व्यवसाय दर्ता प्रमाण-पत्र

मिति:-

दर्ता नं.:-
व्यवसाय/फर्मको नाम:-
व्यवसायको नाम:-
घरधनीको नाम:-
व्यवसाय रहेको स्थान:-
व्यवसाय रहेको बाटोको नाम:-
व्यवसाय रहेको घर नं.:-
व्यवसायीको ठेगाना:-
इमेल:
फोन नं. :
पान नं. :

अन्य निकायमा दर्ता भएकै भए:
निकाय:
दर्ता नं. :
दर्ता मिति:

| क्र.सं. | व्यवसायको प्रकार | व्यवसायको प्रकृति | वडा नं. | दर्ता नं. | टोलको नाम | बाटोको नाम | घर नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**नोट:- यो प्रमाण-पत्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम के.आई.सिंह गाउँपालिकाबाट जारी गरिएको छ । जारी गरेको आदेश निर्देशन र सूचना सबैले अनिवार्य पालना गर्नु पर्नेछ ।**

| | |
|---|---|
| ...........................<br>व्यवसायीको दस्तखत | ...........................<br>अधिकारीको दस्तखत |

के.आई.सिंह गाउँ कार्यपालिका वायल, सुदूरपश्चिम प्रदेश

# अनुसूची - २

के.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वायल, डोटी,
सुदूरपश्चिम प्रदेश, नेपाल

## मदिरा उपभोक्ता कर्ताको व्यक्तिगत विवरण

मिति:-

१. नाम थरः

२. ठेगानाः प्रदेश.................. जिल्ला......................स्थानीय तह...................

३. जन्म मितिः

४. नागरिकता नः

५. लिङ्गः

६. बाबुको नाम,थरः

७. बाजेको नाम,थरः

८. व्यक्तिगत विवरण दिनेको दस्तखतः

| दाँया | बाँया |
|---|---|
| | |

व्यक्तिगत विवरण प्रमाणीत गर्नेः

नाम,थरः

हस्ताक्षरः

नोटः मदिरा उपभोगकर्ताले एक पटकमा १८० मिलिलिटर भन्दा बढी उपभोग गर्न पाईनेछैन ।

के.आई.सिंह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वायल, डोटी, सुदूरपश्चिम प्रदेश, नेपाल

आज्ञाले,
सुरत बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत